www.prepp.in

Prepp
Your Personal Exams Guide

**Lang. Code : 13**

इस पुस्तिका में **20** पृष्ठ हैं ।
This booklet contains **20** pages.

# ATA-19-II

**प्रश्न-पत्र II / PAPER II**
**नेपाली भाषा परिशिष्ट**
**Nepali Language Supplement**
**भाग IV & V / PART IV & V**

परीक्षा पुस्तिका संकेत
**Test Booklet Code**

**E**

परीक्षा पुस्तिका संख्या
**Test Booklet No.**

**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए ।**
**Do not open this Test Booklet until you are asked to do so.**
**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 19 व 20) पर दिए निर्देशों को ध्यान से पढ़ें ।**
**Read carefully the Instructions on the Back Cover (Page 19 & 20) of this Test Booklet.**

**नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें । / For instructions in Nepali see Page 2 of this Booklet.**

## परीक्षार्थियों के लिए निर्देश

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं** ।
2. परीक्षार्थी भाग I एवं भाग II या III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से ।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग IV व भाग V के अन्तर्गत दिए गए हैं । भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं ।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर पत्र पर निशान लगाने के लिए **केवल काले/नीले बॉल पॉइंट पेन** का प्रयोग करें ।
5. इस भाषा पुस्तिका का **संकेत** है **E** । यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, उत्तर पत्र के **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है । अगर यह भिन्न हो, तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं, जो प्रत्येक 1 अंक का है :
   भाग-IV : भाषा-I (नेपाली) (प्र. 91 से प्र. 120)
   भाग-V : भाषा-II (नेपाली) (प्र. 121 से प्र. 150)
7. भाग-IV में भाषा-I के लिए 30 प्रश्न और भाग-V में भाषा-II के लिए 30 प्रश्न दिए गए हैं । इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से संबंधित प्रश्न दिए गए हैं । **यदि भाषा-I और/या भाषा-II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लीजिए । जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए ।**
8. **परीक्षार्थी भाग-V (भाषा-II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा I (भाग-IV) में चुनी गई भाषा से भिन्न हो ।**
9. रफ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें ।
10. सभी उत्तर केवल OMR उत्तर पत्र पर ही अंकित करें । अपने उत्तर ध्यानपूर्वक अंकित करें । उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है ।

## *INSTRUCTIONS FOR CANDIDATES*

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part IV (Language I) **OR** Part V (Language II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Parts I and Part II **OR** III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part IV and Part V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Black/Blue Ball Point Pen only** for writing particulars on this page / marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **E**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Test Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **two** Parts, IV and V, consisting of **60** Objective Type Questions, each carrying 1 mark :
   Part-IV : Language-I (Nepali) (Q. 91 to Q. 120)
   Part-V : Language-II (Nepali) (Q. 121 to Q. 150)
7. Part-IV contains 30 questions for Language-I and Part-V contains 30 questions for Language-II. In this Test Booklet, only questions pertaining to Nepali language have been given. **In case the language/s you have opted for as Language-I and/or Language-II is a Language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The language being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part -V (Language-II) in a language other than the one chosen as Language-I (in Part-IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

परीक्षार्थी का नाम (बड़े अक्षरों में) : ______________________
Name of the Candidate (in Capitals) :

अनुक्रमांक : (अंकों में) ______________________
Roll Number : in figures

: (शब्दों में) ______________________
: in words

परीक्षा केन्द्र (बड़े अक्षरों में) : ______________________
Centre of Examination (in Capitals) :

परीक्षार्थी के हस्ताक्षर : ______________ निरीक्षक के हस्ताक्षर : ______________
Candidate's Signature : Invigilator's Signature :

Facsimile signature stamp of
Centre Superintendent ______________________

**E**

www.prepp.in

Prepp
Your Personal Exams Guide



**Lang. Code : 13**

# ATA-19-II

**परीक्षा पुस्तिका संङ्केत**

**E**

यस पुस्तिकामा 20 पृष्ठ छन् ।

**प्रश्नपत्र II**

**नेपाली भाषा परिशिष्ट खण्ड**

**भाग IV र V**

**यो परीक्षा पुस्तिका तबमात्र खोल्नुहोस् जब तपाईंलाई खोल्न भनिन्छ ।**

**यो परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा (पृष्ठ 19 व 20) दिइएको निर्देश ध्यानले पढ्नुहोस् ।**

**परीक्षार्थीहरूका लागि निर्देश :**

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो । ती परीक्षार्थीहरूका लागि **या** त भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषामा दिन सक्छन् तर **दुवैमा होइन** ।
2. परीक्षार्थीले भाग I व भाग II **या** III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनुपर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाबाट ।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग IV र V अन्तर्गत दिइएका छन् । भाषा परिशिष्टलाई तपाई अलग्गै माग्न सक्नुहुने छ ।
4. यो पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पुस्तिकामा चिह्न लगाउनका लागि **केवल निलो/कालो बल पोइन्ट पेन** मात्रै प्रयोग गर्नुहोस् ।
5. यो भाषा पुस्तिकाको **सङ्केत E** हो । के सुनिश्चित गर्नुहोस् भने यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तरपत्रको **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ । यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनुपर्ने छ ।
6. यो पुस्तिकामा **दुई** भाग IV र V छन्, जसमा 60 वटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन् ।
   भाग IV : भाषा - I (नेपाली) *(प्र. 91 बाट प्र. 120)*
   भाग V : भाषा - II (नेपाली) *(प्र. 121 बाट प्र. 150)*
7. भाग IV मा भाषा I का लागि 30 प्रश्न र भाग V भाषा II का लागि 30 प्रश्न दिइएका छन् । **यदि तपाईंको भाषा I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यो भाषा सम्बन्धित परीक्षा पुस्तिका माग्नुहोस् जुन तपाईंको आवेदनपत्रमा अङ्कित थियो ।**
8. **परीक्षार्थीले भाग V (भाषा II) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु पर्छ जो उनीद्वारा भाषा I (भाग IV) मा छानिएको भाषाबाट भिन्न होस् ।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खालि स्थानमा नै गर्नुहोस् ।
10. सबै उत्तर केवल OMR उत्तरपत्रमा अङ्कित गर्नुहोस् । आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नुहोस् । उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ ।

विद्यार्थीको नाम : ____________________

अनुक्रमाङ्क : अङ्कमां ____________________

: शब्दमा ____________________

परीक्षा केन्द्र : ____________________

परीक्षार्थीको हस्ताक्षर : ____________________ निरीक्षकको हस्ताक्षर : ____________________

Facsimile signature stamp of

Centre Superintendent ____________________

www.prepp.in



परीक्षार्थीहरूले **भाषा-I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part-IV** (**प्रश्न** 91-120) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

Candidates should attempt the questions from **Part-IV** (**Q.No. 91-120**), if they have opted **NEPALI** as **LANGUAGE-I** only.

## भाग – IV
## भाषा – I
## नेपाली

परीक्षार्थीहरूले **भाषा-I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले Part-IV (**प्रश्न** 91-120) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

**निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 91-99) का उपयुक्त उत्तर चिन्हित गर्नुहोस् ।**

साधारणतः नेपालीमा ‘निबन्ध’ र ‘प्रबन्ध’ शब्दको प्रयोग एकअर्काका पर्याय झैं हुने गरेको छ । यी दुइटै शब्दलाई एउटै अर्थमा सराबरी चलाउने प्रमुख निबन्धकार हुन् देवकोटा । अचेल विभिन्न क्षेत्रमा भइरहेका शोध कार्यहरूको परिणाम स्वरूप नेपाली साहित्यको अध्ययन पनि केही मात्रामा वैज्ञानिक पद्धतिअनुसार हुन लागिरहेको छ । यस किसिमको वैज्ञानिक पद्धतिको अभावमा नै यस्ता कतिपय प्रयोगहरू पारिभाषिक र निश्चित रूपमा नकेलाइएका हुँदा अस्पष्ट रूपमा प्रयुक्त हुन्छन् । तर वस्तुतः निबन्ध र प्रबन्ध दुईवटा परस्पर केही बेग्लै प्रकारका रचना हुन् । यी दुई माझको अन्तर प्रस्ट पार्ने प्रयास केही नेपाली विद्वानहरूद्वारा भएको छ । नेपाली निबन्धको ऐतिहासिक विकासक्रम तथा विभिन्न निबन्धकारहरूका निबन्ध–कलाको विधिवत् अध्ययनतर्फ नेपाली पाठकहरूलाई आकर्षित र प्रेरित गर्ने विद्वान ईश्वर बरालको भनाइअनुसार, “…वस्तुपरक निबन्धलाई हामी प्रबन्धको संज्ञा दिन्छौं । जहाँ प्रबन्धमा विचारैक्य हुन्छ, निबन्धमा तरङ्गित चित्तवृत्तिको आवेग प्राबल्य । विचार कोचिएको हुनाले प्रबन्धमा शुष्कता आइछोड्छ किनकि यो मस्तिष्कको कृति हो, श्रमसाध्य प्रकरणसङ्गत मूल्यबोध तथा तत्त्वदर्शी एकरूपता । निबन्ध व्यक्ति प्रकाशक हो, त्यसमा अहमिका अस्मिता बढ्ता रहन्छ, त्यसमा लेखकको आफ्नो मनको निश्छल भावलाई व्यक्त गर्ने चहकिलो र चटकिलो शैली – हास्य, विनोद, व्यङ्ग्य – रहन्छ । यसमा हृदयको संवेदनशीलता काम गर्छ सुस्पष्ट र स्वतः स्फूर्त भाव दिनमा । अध्येताको अध्ययन, खोजिनिती गरी लेखिएको कुरो प्रबन्ध हो, तसर्थ यसमा भावधाराको एकनास तथा प्रथा प्रकरणसङ्गत तन्मयता हुन्छ, प्रतिपादित विषयको एकसमान समष्टिगत तारतम्य र प्रवहमान विकास । व्यक्तिको कर्मबहुल जीवनको अनुभव तालिका हुनाले निबन्धमा तारङ्गिक चित्तवृत्तिका रूप–रसात्मक वस्तु परिचय तथा अनुभूति–गोचरता रहन्छ र फलतः स्वकीयता ।”

**91. गद्य पाठमा उल्लिखित देवकोटा को हुन् ?**

(1) माधवप्रसाद देवकोटा

(2) लक्ष्मीप्रसाद देवकोटा

(3) कुलचन्द्र देवकोटा

(4) तिलमाधव देवकोटा

**92. कस्तो रचनालाई प्रबन्ध मान्न सकिन्छ ?**

(1) आत्मपरक रचना

(2) वस्तुपरक निबन्ध

(3) कुनै पनि मौलिक रचना

(4) संवेदनशील लेखकको रचना

www.prepp.in

Your Personal Exams Guide



**93. निबन्धमा तलकामध्ये कुन एउटा विशेषता पाइन्छ ?**

(1) अनुसन्धान गरी प्राप्त विचारको अभिव्यक्ति

(2) हास्य र व्यङ्ग्यबारे तथ्यपरक विवरण

(3) हृदयको संवेदनशीलता तथा विनोदी भाव

(4) श्रमसाध्य तथ्यपरक प्रस्तुति

**94. 'कोचिएको' शब्दले कुन कुरा बुझाएको छ ?**

(1) प्रस्तुत गरिएको

(2) सङ्ग्रह गरिएको

(3) छरिएको

(4) खाँदिएको

**95. संवेदनशीलता, अध्ययन, प्रकरण, तत्त्वदर्शी – यी शब्दमा भएको साझापन के हो ?**

(1) सबै एउटै स्रोतका शब्द हुन् ।

(2) सबै संज्ञा शब्द हुन् ।

(3) सबै विशेषण शब्द हुन् ।

(4) सबैको निर्माण प्रक्रिया एउटै हो ।

**96. तलको कुन कथन ठिक हो ?**

(1) शोधपरक लेख निबन्ध हो ।

(2) शोधपरक लेख प्रबन्ध हो ।

(3) निबन्धको शैली हास्यपरक र व्यङ्ग्यात्मक हुन्छ ।

(4) व्यक्तिको जीवनका अनुभूतिको प्रकाशन प्रबन्ध हो ।

**97. 'प्रतिपादित विषयको एकसमान समष्टिगत तारतम्य र प्रवहमान विकास'ले कुन कुरा सङ्केत गरेको छ ?**

(1) सुरुचिपूर्णता

(2) विचारप्रधानता

(3) स्वतः स्फूर्त्तता

(4) सुशृङ्खलता

**98. माथिको गद्य पाठ कस्तो रचना हो ?**

(1) अवैज्ञानिक लेख

(2) प्राज्ञिक लेख

(3) वैज्ञानिक लेख

(4) निबन्ध रचना

**99. निबन्ध र प्रबन्धमाझ स्पष्ट विभाजन नगरी यिनलाई सराबरी पर्यायवाचीका रूपमा प्रयोग गर्नाको पछाडि कुन कारण छ ?**

(1) यी शब्दहरूमाझको विभाजन स्पष्ट रूपले नकेलाइनु र पारिभाषिक शब्दका रूपमा नलिइनु

(2) देवकोटाले पर्यायवाची शब्दका रूपमा चलाइदिएर यी शब्दमाझको विविधताको अध्ययन वाधित हुनु

(3) वैज्ञानिक पद्धतिको अभावमा कसो गरूँ भन्ने चेतना नै हराउनु

(4) यी दुई शब्दमाझको अन्तर स्पष्ट पार्ने लेखकहरूको अभाव

www.prepp.in



**निर्देश : दिइएको कविता पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 100-105) का उपयुक्त उत्तर चिन्हित गर्नुहोस् ।**

नयाँ सरुवा भई आएको हुलाके झैं
झोलामा सूर्जेको एउटा पुलिन्दा बोकेर
छानामाथि वैशाख हिँडिरहेछ
भारी अल्छी पाइला सारेर
भित्ता घडीको लङ्गुर हल्लिरहेछ उसको
पदचापले
ट्वाक् ... ट्वाक् ... ट्वाक् ... ट्वाक्
निस्तेज भई आकाश पल्टेको छ
न्यास्रो अनुहार पारेर
बेमौसमको बर्सात्
बेला–कुबेलाको बादलको गड्याङ–गुडुङ
आकाशलाई पखालो लागेको छ ।

**100. 'सरुवा' भन्नाले के बुझिन्छ ?**

(1) पदोन्नति

(2) दण्ड

(3) आर्थिक अवनति

(4) स्थानान्तरण

**101. कवितामा कस्तो मौसमको बयान गरिएको छ ?**

(1) बर्खा यामको

(2) बादल लागी नउघ्रिएको

(3) हिउँद महिनाको

(4) उघ्रेर उज्यालो भएको

**102. 'बेला–कुबेला' कस्ता शब्दको जोडी हो ?**

(1) विलोम शब्द

(2) पर्यायवाची शब्द

(3) समानार्थी शब्द

(4) समध्वन्यात्मक शब्द

**103. वैशाख के बोकेर हिँडिरहेछ ?**

(1) घामको एउटा चोइटा

(2) घामका किरणको राशि

(3) घाम नलागेको छायाँ भाग

(4) घामको एउटा पोको

**104. 'आकाशलाई पखालो लागेको छ' – यस वाक्यको तात्पर्यार्थ के हो ?**

(1) मौसम स्वाभाविक छ

(2) मौसम स्वाभाविक छैन

(3) प्रकृतिमा वेमौसमको आनन्द छ

(4) प्रकृतिले आफ्नो उपचार गरिरहेछ

Prepp
Your Personal Exams Guide



**105. उद्धृत कवितांशमा कस्तो भाव प्रकट भएको छ ?**

(1) उल्लास

(2) विद्रोह

(3) आलस्य

(4) शोक

**106. दक्ष पठन ........ होइन ।**

(1) रचनात्मक

(2) काल्पनिक

(3) प्रगतिमूलक

(4) विचारपूर्ण

**107. यीमध्ये कुनचाहिँ विस्तृत पठनसित सम्बन्धित छैन ?**

(1) पढ्दा यसले धेर आनन्द दिन्छ

(2) पढ्दा ससाना विवरण राम्रोसित बुझ्न यसले सहयोग पुऱ्याउँछ

(3) यसले भाषा सिकाइ विस्तार गर्छ

(4) यो पाठको सोलोडोलो बुझाइका लागि गरिने पठन हो

**108. लेखनको प्रक्रिया विधि केमा केन्द्रित रहन्छ ?**

(1) केवल प्रक्रियामा

(2) केवल प्रतिफलमा

(3) प्रक्रिया र त्यसको प्रतिफल दुवैमा

(4) राम्रो हस्तलिपिको प्रयोग

**109. भाषा पाठ्यचर्यामा साहित्यलाई समावेश गर्न यीमध्ये कुन तत्त्व कम महत्त्वपूर्ण रहन्छ ?**

(1) यसले केवल सुन्ने र बोल्ने दक्षता वृद्धि गराउँछ

(2) यो विश्वसनीय सामग्री हो

(3) यसले विद्यार्थीहरूलाई अर्को संस्कृति बुझ्न सहयोग गर्छ

(4) यसले विद्यार्थीहरूलाई आफ्ना व्यक्तिगत प्रतिक्रिया दिन प्रेरित गर्छ

**110. यी मध्ये कुन कथन सही हो ?**

(1) विरामादि चिन्हहरूले वाक्यको अर्थमा भिन्नता ल्याउँछन्

(2) विरामादि चिन्हहरूले वाक्यमा खासै भिन्नता ल्याउँदैनन्

(3) विरामादि चिन्हहरूले पाठलाई सुन्दर बनाउन सहयोग गर्छन्

(4) विरामादि चिन्हहरूले पाठ पढाइको गतिमा वाधा पुऱ्याउँछन्

**111. विद्यार्थीहरूका लेखनको मूल्याङ्कन मुख्य रूपले कुन कुरामा केन्द्रित रहन्छ ?**

(1) शुद्ध हिज्जे र व्याकरण

(2) विचारको प्रस्तुति

(3) शब्द सीमा राख्नु

(4) लेख्दा वाग्धारा र उखानहरूको प्रयोग

**112. यीमध्ये कुनचाहिँ NCF 2005 को निर्देशित नियममा अन्तर्भुक्त छैन ?**

(1) ज्ञानलाई स्कुल बाहिरको जीवनसित जोड्नु

(2) पढाइलाई रट्ने पद्धतिबाट भिन्नै पार्न सुनिश्चित गर्नु

(3) पाठ्यचर्या पाठ्यपुस्तक केन्द्रित हुनु पर्छ

(4) परीक्षालाई अझ बढी लचिलो पार्नु अनि कक्षाको जीवनसित एकीकृत पार्नु

**113. जसले तथ्यपरक विवरणबारे, के भयो, कहिले भयो, कहाँ भयो भन्ने बारे कार्य अभिप्रेरणबारे अनि कसरी कार्य पूर्ण भयो भन्नेबारे शब्दका माध्यमले चित्र प्रस्तुत गर्छ, त्यसलाई के भनिन्छ ?**

(1) प्रोजेक्ट वर्क

(2) एसाइन्मेन्ट

(3) एनेक्डोटल रेकर्ड

(4) रेटिङ स्केल

**114. भाषामा विद्यार्थीहरू के गरिरहेका छन् भन्ने देखाउन यीमध्ये कुनचाहिँ उपयुक्त प्रमाण हो ?**

(1) जाँचमा प्राप्त गरेको अङ्क

(2) विद्यार्थीहरूले लेख्दा अनि बोल्दा प्रयोग गरेको भाषा

(3) राष्ट्रिय पाठ्यचर्या अनि पाठ्यक्रम बुझ्नु

(4) भाषा-लक्ष्य अनि उद्देश्यबारे जान्नु

**115. भाइगोत्स्कीको 'मचानबन्दी' (स्काफोल्डिङ) प्राक्कल्पना अनुसार शिक्षकले भाषा सिक्ने विद्यार्थीहरूलाई सहपाठीसँग अनि समूहमा कार्य गर्ने अवसर प्रदान गर्नु पर्छ, किनभने –**

(1) शिक्षकलाई कार्य सञ्चालन गर्न सजिलो हुन्छ

(2) विद्यार्थीहरूमाझ हुने अन्तरक्रियाले शिक्षकलाई आराम मिल्छ

(3) सिक्नका लागि सामाजिक अन्तरक्रियाले यथेष्ट माध्यम उपलब्ध गराउँछ

(4) यस्तो सामाजिक अन्तरक्रियाले विद्यार्थीहरूलाई भाषा सिक्नबाट विचलित गराउँछ

**116. मूल ध्वनि र तिनका सङ्घटकका साटो सरल वाक्यद्वारा भाषा सिकाइन्छ । यसले के बुझाउँछ ?**

(1) सम्पर्क पूर्ण वाक्यमा आधारित रहन्छ

(2) भाषा अधिग्रहणमा उच्चारणको कुनै महत्त्व रहँदैन

(3) भाषा सिकाइमा व्याकरण र उच्चारणको समान स्थान रहन्छ

(4) व्याकरण सम्पर्कको महत्त्वपूर्ण आधार हो

www.prepp.in
Your Personal Exams Guide



**117. कक्षा VII को भाषा कक्षामा शिक्षक दृश्य हेरेर सिक्ने विद्यार्थीहरूलाई भिडियोद्वारा पढाउन युट्युब, सुनेर सिक्ने विद्यार्थीहरूलाई रेकर्डिङ, अनि शारीरिक अवयवको सञ्चालनद्वारा सिक्ने विद्यार्थीहरूलाई अन्तरक्रियात्मक खेलको प्रयोग गर्छन् । शिक्षकले प्रयोग गरेका यी सबै बहुसञ्चार माध्यमले कुन व्यक्तिगत कुराको पोषण गर्छ ?**

(1) भाषिक भिन्नता

(2) सिकाइको तरिका

(3) सिकाइमा असक्षमता

(4) सही शिक्षण सामग्री

**118. संज्ञानात्मक दृष्टिकोण अनुसार भाषाशिक्षकले विद्यार्थीहरूको गल्तीलाई कुन रूपमा हेर्नु पर्दछ ?**

(1) सिकाइमा हुने वाधा अनि अड्चन

(2) सिकाइको एउटा भाग जसले सोच्ने अन्तर्दृष्टि प्रदान गर्छ

(3) यस्तो विषय जो घरिघरि नदोहोरियोस् भन्न खातिर त्यसलाई तुरुन्तै सच्च्याउनु पर्छ ।

(4) सिकाइप्रति उनीहरूको हेल्वेक्र्याइँ जसतिर झट्ट ध्यान पुऱ्याउनु पर्छ

**119. गहन श्रवण भन्नाले कसरी सुन्नु भन्ने बुझिन्छ ?**

(1) ध्यानपूर्वक

(2) धैर्यपूर्वक

(3) अनुशासनपूर्वक

(4) सुधारका लागि

**120. मनमनै पढ्नाले विद्यार्थीहरूले यीमध्ये कुन कुरा थोरै थोरै सिक्छन् ?**

(1) शब्द

(2) व्याकरण

(3) बोल्ने क्षमता

(4) पढ्ने क्षमता

www.prepp.in
Your Personal Exams Guide



परीक्षार्थीहरूले **भाषा-II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part-V** (**प्रश्न** 121-150) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

Candidates should attempt the questions from **Part-V (Q.No. 121-150)**, if they have opted **NEPALI** as **LANGUAGE - II** only.

www.prepp.in
Prepp Your Personal Exams Guide



## भाग – V
## भाषा – II
## नेपाली

परीक्षार्थीहरूले **भाषा-II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले Part-V (**प्रश्न** 121-150) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

**निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 121-128) का उपयुक्त उत्तर चिन्हित गर्नुहोस् ।**

म रुपियाँ हुँ । म त्यो शक्ति हुँ जुन शक्तिको भरमा संसार चलिरहेको छ । मैले मेरो यात्रामा धेरै किसिमको अनुभव गरेको छु । कहिले काहीँ मलाई लाग्छ कि म शक्तिमान छु । मेरोमा त्यस्तो असाधारण शक्ति नभएको भए मलाई प्राप्त गर्नका निम्ति मानिसहरू कठोर परिश्रम गर्ने थिएनन्, ढाँट्ने छल्ने थिएनन्, अत्याचार लुटपिट र यहाँसम्म कि मानिसले मानिसकै हत्या गर्ने थिएनन् । साँच्चै गर्व नै गर्नु हो भने ममा शङ्करको त्रिनेत्र खोल्ने शक्ति छ । म लाटालाई बाठो, लज्जाशीललाई निर्लज्ज, रङ्कलाई राजा तुल्याउन सक्छु । एक पलमा म झोपडीलाई महलमा परिवर्तन गरिदिन सक्छु, भुइँमा सुत्नेलाई न्याम न्याम परेको मुलायम ओछ्यानमा पल्टाइदिन सक्छु । मलाई मन नपरेकाहरूलाई म यसको ठिक विपरीत पनि गराइदिन सक्छु । जसले मेरो चाहना आफूलाई चाहिए भन्दा बढ्ता गर्छन् त्यस्ताहरूको म निद्रा, सुख, आराम र शान्ति खोसिदिन्छु, त्यसको साटो म तिनीहरूलाई त्रास दिन्छु । मेरो महिमा अपार छ । त्यसैले मलाई प्राप्त गर्नका निम्ति मानिसहरू आज आफैलाई समेत बेच्न लागेका छन् – अरू कुरा त परै राखूँ । मेरो कथा जति सुनाए पनि टुङ्गिने होइन ।

**121. रुपियाँको बयान कसरी भएको छ ?**

(1) शक्तिशाली वस्तुका रूपमा
(2) व्यभिचारी चरित्रका रूपमा
(3) हिंसात्मक स्वभाव भएको राजाका रूपमा
(4) सामान्य वस्तुका रूपमा

**122. मानिसमा ढाँट्ने–छल्ने, लुटपिट र हत्या गर्ने चरित्रको विकास किन हुन्छ ?**

(1) रुपियाँको घमण्डले
(2) अभावले
(3) साटो फेर्ने मनसायले
(4) स्वार्थीपनाले

**123. 'राजा' र 'रङ्क' कस्ता शब्द हुन् ?**

(1) विलोम शब्द
(2) पर्यायवाची शब्द
(3) श्रुतिसमभिन्नार्थक शब्द
(4) एकार्थक शब्द

**124. रुपियाँको कारणले मानिसमा कुन किसिमको परिवर्तन आउँछ ?**

(1) आध्यात्मिक र चारित्रिक
(2) भौतिक र चारित्रिक
(3) शारीरिक र आध्यात्मिक
(4) व्यावसायिक र परोपकारी

www.prepp.in
Prepp
Your Personal Exams Guide



**125. आवश्यकभन्दा बेसी पैसा–रुपियाँ प्राप्त गर्न चाहने लोभी मानिसहरूले कस्तो परिणाम भोग्छन् ?**

(1) उनीहरू सधैँ सुख सयलमा बस्छन् ।

(2) सुख–शान्ति भए पनि उनीहरू डरसरि जिउँछन् ।

(3) उनीहरूको सुख र शान्ति खोसिन्छ ।

(4) सबै मानिस बाठा हुन्छन् ।

**126. 'महिमा' शब्दका पर्यायवाची चिन्नु होस् –**

(1) प्रभाव, परिणति

(2) महान, निवृत्ति

(3) गुणगान, लघिमा

(4) महात्म्य, प्रताप

**127. अत्याचार शब्दको सन्धि विग्रह कस्तो हुन्छ ?**

(1) अत्या + आचार

(2) अति + चार

(3) अति + आचार

(4) अत्य + आचार

**128. शैली र प्रस्तुतिका आधारमा उपर्युक्त अनुच्छेद कुन किसिमको रचना हो ?**

(1) संस्मरणात्मक

(2) आत्मकथात्मक

(3) जीवनीपरक

(4) स्तुत्यात्मक

**निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 129-135) का उपयुक्त उत्तर चिन्हित गर्नुहोस् ।**

(हातको पुस्तक एकातिर मिल्काउँदै) के रे ! उमेश समातियो रे ! ला ! बल्ल फेला परेछ । (रेडियोको आवाज अलि सानो पार्दै) मैले उसलाई कति अनुनय गरेँ; तैँले कि त्यो मण्डली छोड कि मलाई छोड भनेर । उसले मलाई छोड्यो तर मण्डली चाहिँ छोडेन ... । आज म पनि उमेशको मण्डलीमा मिसिएको भए मेरो पनि यही दुर्गति हुने थियो । (भगवानको फोटोतिर फर्केर हात जोड्दै) प्रभु ! मलाई तिमीले बचाएकै हो । (गम्भीर भएर) ओहो ! त्यो दिन मलाई उमेशले जब आफ्नो मण्डलीसँग भेट गराएको थियो; सबैले हातमा चुरोट लिएका थिए । चुरोटको धुवाँबाट एउटा बेग्लै गन्ध आइरहेको थियो । सबै लट्ठिएका थिए ... उमेशले चुरोट समात्यो, मेरो जिउभरि जिरिङ्ग काँढा उम्रिए, मलाई उसले चुरोट दिन खोज्यो । मैले लिइनँ (पसिना पुछ्तै) .... साँच्ची एउटा देख्तै डरलाग्दो मुसदण्डेले मलाई क्वारक्वार्ती हेर्‍यो; मानौँ ऊ मलाई समेत मिचमाच पारेर चुरोटभित्र हालेर धुवाँमा उडाउन खोज्दैछ; म भयातुर भएँ । म भाग्न खोजेँ तर भाग्नु सहज थिएन । (लामो सास फेर्दै) मैले चुरोट समातेँ; त्यो चुरोट हातमा च्यापेर मैले यता–उता हेर्न थालेँ; चुरोट ओठमा लगेर तान्नु भनेको मेरो जीवन नै दुर्गतितर्फ तान्नु थियो । शौचालय जाने निहुँले म कोठाबाट बाहिर निस्केँ । (लामो सास फेर्दै) म पछाडि नफर्की भागेँ; म बचेँ । नत्र आज मेरो नाम रेडियोले लिन्थ्यो ... (रेडियो बन्द गर्दै) म दुत्कारिन्थेँ; म बर्बाद हुन्थेँ; मेरो जीवनमा डढेलो लाग्थ्यो; म खतम हुन्थेँ; – खतम ... – खतम ... – खतम ।

www.prepp.in
Prepp Your Personal Exams Guide



**129. 'उमेश समातिएको' कुरा कसरी खुलस्त भएको छ ?**

(1) कसैले फोन गरेर सुनाएको छ

(2) लेखकले सपनामा त्यो घटना देखेर ऊ ब्युँझिएको छ

(3) रेडियोमा उक्त समाचार आएको छ

(4) लेखकले पढ्दै गरेको पुस्तकबाट त्यो कुरा थाहा पाएको छ

**130. उमेश समातिनाको कारण के हो ?**

(1) कसैले षडयन्त्र गरी उसलाई फँसाएको हुँदा

(2) साथीले उसलाई छोडिदिएको हुँदा

(3) चुरोट पिएको हुँदा

(4) नराम्रा सङ्गत र कार्यमा संलग्न हुँदा

**131. 'भयातुर' शब्दको निर्माण कसरी भएको छ ?**

(1) स्वर सन्धि भएर

(2) बहुब्रीहि समास भएर

(3) परसर्ग प्रक्रियाद्वारा

(4) मध्यसर्ग लोप भएर

**132. लेखक उमेशको मण्डलीबाट कसरी निस्कियो ?**

(1) उमेशलाई सम्झाई बुझाई गरेर

(2) बहाना बनाएर

(3) मण्डलीका साथीहरूसित निहुँ खोजेर

(4) मुसदण्डेदेखि डराएर

**133. अनुच्छेदमा लेखकको कस्तो भाव प्रकट भएको छ ?**

(1) साथीहरूप्रतिको ईर्ष्या

(2) साथीहरूप्रतिको माया

(3) मानसिक छट्पटी

(4) एक्लो हुँदाको पीडा

**134. 'क्वारक्वार्ती' कुन वर्गको शब्द हो ?**

(1) क्रियाविशेषण

(2) विशेषण

(3) नामयोगी

(4) असमापिका क्रिया

**135. प्रस्तुति र शैलीका आधारमा उपर्युक्त गद्य पाठ कस्तो रचना हो ?**

(1) सम्वाद

(2) मनोवाद

(3) वक्तव्य

(4) पत्र

www.prepp.in

Your Personal Exams Guide



**136. विस्तृत पठनले कुन कुरामा नानीहरूको रुचि बढाउँछ ?**


(1) अपरिचित शब्दहरूको अर्थ खोज्न

(2) पाठमा प्रयुक्त व्याकरणिक विवरण

(3) कविता आवृत्ति

(4) आनन्दका लागि पाठ पढ्नु

**137. शिक्षकले 'ल्हे' का विषयमा एउटा अध्याय पढाउन आँटेकी छन् । पढाउन सुरु गर्न अघि श्यामपटमा 'ल्हे' बारे एउटा नक्सा कोरेर परिचर्चा सुरु गर्छिन् ।**




**श्यामपटमा शिक्षकले कोरेको चित्र के हो ?**

(1) राज्यको मानचित्र

(2) अवधारणा मानचित्र

(3) विषयगत मानचित्र

(4) म्यापिङ उपकरण

**138. नानीहरूले प्रभावकारी ढङ्गमा लेख्न सक्छन् जब लेख्ने अंश –**

(1) शिक्षकले विद्यार्थीहरूलाई श्रुतिलेखन गराउँछन्

(2) नानीहरूका सन्दर्भअनुरूप अनि अर्थपूर्ण हुन्छ

(3) शिक्षकको सन्दर्भ अनि संस्कृति अनुरूप हुन्छ

(4) बोलिएको ध्वनि र त्यसको लिखित रूपमाझ सम्बन्ध स्थापित भएको हुन्छ

**139. निम्नलिखितमध्ये कुनचाहिँ प्रतिफल विधिको विषयमा सही होइन ?**

(1) यो अत्यधिक शिक्षक केन्द्रित रहन्छ

(2) यो व्यवहारवादी मोडेलमा आधारित रहन्छ

(3) यो पूर्ण प्रतिफलमा केन्द्रित रहन्छ

(4) यो विचारहरूको उत्पादन र निर्माणमा केन्द्रित रहन्छ

**140. प्रक्रिया विधि अन्तर्गत लेखन कार्य सुरु गराउँदा यीमध्ये कुनचाहिँ प्रयोग शिक्षकले गर्नु हुँदैन ?**

(1) मथिङ्गल मन्थन

(2) विवरणहरूको श्रुतिलेखन

(3) खेस्रा तयारी

(4) शुद्धि जाँच

**141. भूमिका खेल (रोल प्ले) प्रत्येक भाषा कक्षाको अभिन्न अङ्ग हुनु पर्छ, कारण –**

(1) यसले विद्यार्थीहरूलाई खुल्ला रूपमा गफ गर्ने सुविधा दिन्छ ।

(2) यो प्रभावकारी कक्षा सञ्चालन योजना हो ।

(3) यसले विद्यार्थीहरूलाई कथा कण्ठस्थ गर्न सक्षम बनाउँछ ।

(4) यसले विद्यार्थीहरूलाई अर्थपूर्ण भाषिक वार्तालाप गर्न समर्थ बनाउँछ ।

**142. जब तपाईँ एकजना नानीलाई कुनै विषयबारे एउटा छोटो कविता सिर्जना गर्न लगाउनुहुन्छ, तब उसले कुन कुराको प्रयोग गर्छ ?**

(1) सिर्जनात्मक चिन्तन

(2) सुदृढ चिन्तन

(3) सहानुभूतिपूर्ण चिन्तन

(4) सांस्कृतिक चिन्तन

**143. विद्यार्थीहरूलाई राम्रो पाठक बनाउन शब्द भण्डारको विकास एउटा महत्त्वपूर्ण कारक हो । शब्द भण्डार विकासका लागि यीमध्ये कुनचाहिँ नीति उत्तम हुन सक्छ ?**

(1) विद्यार्थीहरूले पर्यायवाची र विपरीतार्थक शब्दहरूको लामो सूची कण्ठस्थ गर्नु

(2) विद्यार्थीहरूले नौला शब्द बुझ्न शब्दकोश हेर्नु

(3) विद्यार्थीहरूले पाठका कठिन शब्दहरू अधोरेखित गर्नु अनि त्यस्ता शब्द प्रयोग गरी वाक्य बनाउनु

(4) नयाँ शब्दहरूको अर्थ अनुमान गर्न विद्यार्थीहरूले सन्दर्भ बुझ्न सिक्नु

**144. शिक्षकले पर्यवेक्षण गरी नानीको जीवनका महत्त्वपूर्ण घटनाहरूबारे एउटा इतिवृत्त रेकर्ड तयार गर्छन् । यसलाई के भनिन्छ ?**

(1) व्याख्यात्मक लेख (रुब्रिक्स)

(2) विवरण फाइल (पोर्टफोलियो)

(3) पर्यवेक्षण (अब्जर्भेसन)

(4) उपाख्यानात्मक रेकर्ड (एनेक्डोटल रेकर्ड)

**145. यीमध्ये कुनचाहिँ सफलतापूर्वक बोल्ने कार्यको लक्षण हो ?**

(1) नानीहरूको असमान संलग्नता

(2) नानीहरूलाई बोल्ने अवसर प्रदान गर्ने क्रियाकलाप

(3) नानीहरूलाई केवल लक्ष्य भाषामा बोल्न दिनु

(4) प्रभावकारी ढङ्गमा कक्षा सञ्चालन गर्न ध्यानाकर्षण गराउन चाहनेहरूलाई धेर बोल्न दिनु

**146. भाइगोत्स्की अनुसार यीमध्ये कुनचाहिँ भाषा सिकाइको महत्त्वपूर्ण अङ्ग हो ?**

(1) सामाजिक सम्पर्क

(2) पाठ्यपुस्तक

(3) रेडियो

(4) शब्दकोश

www.prepp.in
Prepp
Your Personal Exams Guide



**147. बोल्ने कौशलको अभ्यासमा कुन क्रियाकलापले उत्तम रूपमा टेवा पुऱ्याउँछ ?**

(1) विद्यार्थीहरूले कुनै विषयमा एउटा छोटो औपचारिक प्रस्तुतिको सञ्चालन गर्नु

(2) शिक्षकले विद्यार्थीहरूलाई उद्देश्यपूर्ण श्रुतिलेखन गराउनु

(3) उनीहरूलाई दिइएको सुइँकोका आधारमा विद्यार्थीहरूले आफ्नो मौलिक दृष्टिमा कथा भन्नु

(4) विद्यार्थीहरूले एउटा राम्रो कार्ययोजना तयार गर्नु

**148. पठनको कुन चरणले विद्यार्थीहरूलाई आफ्ना पूर्व ज्ञानलाई भर्खरै सिकेको ज्ञान र कक्षा बाहिरको दुनियाँसित जोड्न सक्षम गराउँछ ?**

(1) पूर्व–पठन

(2) तात्क्षणिक पठन

(3) पूर्वकालिक पठन

(4) उत्तर पठन

**149. संज्ञानात्मक दृष्टि अनुसार नानीहरूले प्रभावकारी ढङ्गमा भाषा सिक्छन्, जब –**

(1) शिक्षकले कक्षालाई नियंत्रण गर्छिन् अनि विद्यार्थीहरूलाई थोरै अवसर दिन्छिन्

(2) शिक्षकले विद्यार्थीहरूलाई व्याकरणका नियमहरू कण्ठस्थ गर्न अभिप्रेरित गर्छिन् ।

(3) विद्यार्थीहरू श्यामपटबाट स्पष्ट रूपमा उत्तर सार्छन्

(4) शिक्षक विद्यार्थीहरूलाई क्रियाकलाप अनि विविध कौशलमा आधारित कार्यमा भाग लिन प्रेरित गर्छिन् ।

**150. एकजना राम्रो श्रोताले –**

(1) शब्दको उच्चारण कसरी गर्नु भन्ने कुरा बुझ्दछ

(2) आशय कसरी प्रयुक्त हुन्छ भन्ने बुझ्दछ

(3) सोधिएका प्रश्नको सही उत्तर दिन्छ

(4) प्रत्येक शब्दको सही उच्चारण गर्छ

www.prepp.in
Your Personal Exams Guide



## SPACE FOR ROUGH WORK

Your Personal Exam Guide

www.prepp.in
Your Personal Exams Guide



## SPACE FOR ROUGH WORK

Your Personal Exam Guide

www.prepp.in

prepp Your Personal Exams Guide



**तल दिइएको निर्देशन ध्यानले पढ्नुहोस**

1. प्रश्नहरूका उत्तर कुन प्रकारले दिनुपर्ने हो भन्नेबारे उत्तर-पुस्तिकामा राम्ररी बुझाइएको छ, उत्तर दिनुभन्दा अधि ती राम्ररी पढ्नुहोस् ।
2. OMR को दोस्रोपातोमा दिइएका चार वैकल्पिक प्रश्नहरूमध्ये केवल एउटा शुद्ध उत्तरलाई निलो/कालो बलपेनले कालो पार्नुहोस् । एकपटक उत्तर कालो पारेपछि त्यसलाई सच्याउन पाइने छैन ।
3. परीक्षकले उत्तर पुस्तिका पल्टाइ वा भाँचभुच गर्न पाउने छैनन् । कुनै पनि उत्तरमाथि कोरकार नगर्ने । निर्दिष्ट गरेबाहेक अन्यत्र कतै आफ्नो रोलनम्बर नलेख्ने ।
4. परीक्षा पुस्तिकालाई विशेषरूपले ध्यान दिनु । कुनै कारणवश परीक्षा पुस्तिका यताउता परे मात्रै अर्को परीक्षा पुस्तिका दिइने छ ।
5. परीक्षार्थीले दिइएको परीक्षा पुस्तिकामा कोड नम्बर आदि सही ढङ्गले लेख्नुपर्ने छ ।
6. OMR उत्तर पुस्तिकामा दिइएका सूचनादि जाँच गर्ने र पढ्ने काम यन्त्रद्वारा गरिने हुँदा कुनै पनि सूचना अधुरो नरहोस् अनि प्रवेश पत्रमा दिइएको सूचनाभन्दा भिन्न पनि नहोस् ।
7. परीक्षार्थीले परीक्षाको समयमा कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामाग्री आदि ल्याउन पाउने छैनन् ।
8. मोबाइल फोन, वायरलेस संयन्त्र (स्विच अफ गरिएकै अवस्थामा भए पनि) अनि अन्य वर्जित वस्तुहरू परीक्षा कक्ष/हलमा ल्याउन पाइने छैन । यस निर्देशको पालना नगरिएमा परीक्षा नियमको पालना नगरिएको ठहर गरी कार्वाही गरिनेछ, जसमा परीक्षा नै रद्द हुने कुरासम्म संलग्न छ ।
9. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेशपत्र देखाउनुपर्ने छ ।
10. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोडन सक्ने छैनन् ।
11. परीक्षार्थीले उत्तर पुस्तिका नबुझाएसम्म परीक्षा भवन छोडन पाउने छैनन् । परीक्षा भवन छोड्नु अधि निरीक्षकपत्र, उपस्थितिपत्र आदिमा हस्ताक्षर गर्नुपर्नेछ ।
12. कुनै पनि विद्युतीय उपकरण राख्न निषेध छ ।
13. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्णरूपले पालन गर्नुपर्ने छ । कुनै तरीकाले नियम उलङ्घन भएमा बोर्डको नियमअनुसार दण्डको व्यवस्था गरिने छ ।
14. प्रश्न पुस्तिकाको कुनै खण्ड च्यात्न वा फटाउन पाइने छैन ।
15. **परीक्षाको समाप्तिपछि परीक्षार्थीले सबै प्रकारले उत्तर पुस्तिका परीक्षकलाई बुझाउनुपर्ने छ तब मात्रै परीक्षा भवन छोडन पाइने छ । परीक्षार्थीले कुनै पनि उत्तर पुस्तिका साथमा लान पाउने छैनन् ।**

www.prepp.in

Prepp
Your Personal Exams Guide



**निम्नलिखित निर्देशों को ध्यान से पढ़ें :**

1. जिस प्रकार से विभिन्न प्रश्नों के उत्तर दिए जाने हैं उसका वर्णन परीक्षा पुस्तिका में किया गया है, जिसे आप प्रश्नों का उत्तर देने से पहले ध्यान से पढ़ लें ।
2. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर पत्र के **पृष्ठ-2** पर केवल एक वृत्त को ही पूरी तरह **काले/नीले बॉल पॉइन्ट पेन** से भरें । एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है ।
3. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ । परीक्षार्थी अपना अनुक्रमांक उत्तर-पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें ।
4. परीक्षा पुस्तिका एवं उत्तर पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर पत्र के संकेत या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी ।
5. परीक्षा पुस्तिका / उत्तर पत्र में दिए गए परीक्षा पुस्तिका संकेत व संख्या को परीक्षार्थी सही तरीके से हाज़िरी-पत्र में लिखें ।
6. OMR उत्तर पत्र में कोडित जानकारी को एक मशीन पढ़ेगी । इसलिए कोई भी सूचना अधूरी न छोड़ें और यह प्रवेश-पत्र में दी गई सूचना से भिन्न नहीं होनी चाहिए ।
7. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश-पत्र के सिवाय किसी प्रकार की पाठ्य-सामग्री, मुद्रित या हस्तलिखित, कागज़ की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है ।
8. मोबाइल फोन, बेतार संचार युक्तियाँ (स्वीच ऑफ अवस्था में भी) और अन्य प्रतिबंधित वस्तुएँ परीक्षा हॉल/कक्ष में नहीं लाई जानी चाहिए । इस सूचना का पालन न होने पर इसे परीक्षा में अनुचित साधनों का प्रयोग माना जाएगा और उनके विरुद्ध कार्यवाही की जाएगी, परीक्षा रद्द करने सहित ।
9. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-पत्र दिखाएँ ।
10. केन्द्र अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें ।
11. कार्यरत निरीक्षक को अपना उत्तर पत्र दिए बिना एवं हाज़िरी-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल/कक्ष नहीं छोड़ेंगे । यदि किसी परीक्षार्थी ने दूसरी बार हाज़िरी-पत्र पर हस्ताक्षर नहीं किए, तो यह माना जाएगा कि उसने उत्तर पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा । **परीक्षार्थी अपने बाएँ हाथ के अंगूठे का निशान हाज़िरी-पत्र में दिए गए स्थान पर अवश्य लगाएँ ।**
12. इलेक्ट्रॉनिक / हस्तचालित परिकलक का उपयोग वर्जित है ।
13. परीक्षा हॉल/कक्ष में आचरण के लिए परीक्षार्थी बोर्ड के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं । अनुचित साधनों के सभी मामलों का फैसला बोर्ड के नियमों एवं विनियमों के अनुसार होगा ।
14. किसी हालत में परीक्षा पुस्तिका और उत्तर पत्र का कोई भाग अलग न करें ।
15. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी हॉल / कक्ष छोड़ने से पूर्व उत्तर पत्र कक्ष-निरीक्षक को अवश्य सौंप दें । परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं ।**

**READ THE FOLLOWING INSTRUCTIONS CAREFULLY:**

1. The manner in which the different questions are to be answered has been explained in the Test Booklet which you should read carefully before actually answering the questions.
2. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with **Black/Blue Ball Point Pen** on **Side-2** of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
3. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
4. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
5. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet / Answer Sheet in the Attendance Sheet.
6. A machine will read the coded information in the OMR Answer Sheet. Hence, no information should be left incomplete and it should not be different from the information given in the Admit Card.
7. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the examination hall/ room.
8. Mobile phones, wireless communication devices (even in switched off mode) and the other banned items should not be brought in the examination halls/ rooms. Failing to comply with this instruction, it will be considered as using unfair means in the examination and action will be taken against them including cancellation of examination.
9. Each candidate must show on demand his / her Admit Card to the Invigilator.
10. No candidate, without special permission of the Centre Superintendent or Invigilator, should leave his / her seat.
11. The candidates should not leave the Examination Hall/ Room without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where a candidate has not signed the Attendance Sheet second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case. **The candidates are also required to put their left hand THUMB impression in the space provided in the Attendance Sheet.**
12. Use of Electronic / Manual Calculator is prohibited.
13. The candidates are governed by all Rules and Regulations of the Board with regard to their conduct in the Examination Hall/Room. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Board.
14. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
15. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Hall / Room. *The candidates are allowed to take away this Test Booklet with them.***